का.जि.प्र.का.द.नं. १००/०५९/६०

२ फागुन २०७९,
मंगलबार
14 February 2023,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

### आन्दोलित यातायात मजदुर

# उत्कर्षमा आक्रोश

ट्राफिक जरिवानाबापत लिने शुल्कलाई लिएर शुरु भएको शान्तिपूर्ण विरोधलाई निषेध गर्न खोजिएपछि यातायात मजदुरको आक्रोश बसपार्क सञ्चालकतर्फ सोझिएको हो ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १ फागुन ।

यातायात मजदुर संगठनले काठमाडौं उपत्यकामा ट्राफिक शुल्कको विषयलाई लिएर विरोध प्रदर्शन गरेका छन् । यातायात व्यावसायी र बसपार्क सञ्चालकहरुको गतिविधिबाट समेत असन्तुष्ट रहेका यातायात मजदुरहरुको शान्तिपूर्ण विरोध प्रदर्शनलाई निषेध गर्न खोजिएपछि आक्रोश बसपार्क सञ्चालकतर्फ सोझिँदा अवस्था तनावग्रस्त हुन पुग्यो । मंगलबार साँझ उत्कर्षमा पुगेको भएपनि रातपरेपछि अवस्था सामान्य बनेको थियो । तर, फेरि पनि आफूहरुको माग पूरा नभएको भन्दै यातायात मजदुरले मंगलवार सार्वजनिक यातायात बन्दको घोषणा गरेका छन् ।

नेपाल यातायात स्वतन्त्र मजदुर संगठन, अखिल नेपाल यातायात मजदुर संघ र नेपाल यातायात मजदुर संघले विज्ञप्ति जारी गरि मंगलबार उपत्यकाका सम्पूर्ण सवारी समाधान ठप्प पार्ने जनाएका हुन् । विज्ञप्तिमा भनिएको छ, 'फागुन ३ गतेदेखि देशव्यापी गरिने आन्दोलका कार्यक्रम सार्वजनिक गर्ने क्रममा नयाँ बसपार्कमा भेला भएका मजदुरलाई ठेकेदार कम्पनी ल्हात्से बहुउद्देश्यीय प्रालिका कर्मचारीसहित अपरिचित करिब ३० जनाको समूहले आक्रमण गरेको छ ।'

मजदुर कुटिएको भन्दै शुरु भएको विरोध प्रदर्शन चर्कँदै जाँदा बालाजुस्थित गोङ्गबु नयाँ बसपार्क क्षेत्र दिनभर तनावग्रस्त बन्यो । त्यसक्रममा प्रदर्शनकारीले अस्थायी प्रहरी बुथका साथै प्रहरीका भ्यान र डिभाइडरमा आगजनी समेत गरेका थिए ।


*यातायात मजदुरको आन्दोलनले तनावग्रस्त बनेपछि सोमबार काठमाडौंको गोंगबु बसपार्क र माछापोखरी क्षेत्रमा हात उठाउँदै हिँडिरहेका सर्वसाधारण । तस्विर : अनलाइनखबर*

साथसाथै, बसपार्क सञ्चालन गर्दै आएको लोत्से बहुउद्देश्यीय प्रालि रहेको लोत्से मलको हलमा समेत तोडफोड भएको छ । केहीलाई नियन्त्रणमा लिइएको प्रहरीले बताएको छ ।

काठमाडौं प्रहरी परिसरका प्रवक्ता सिताराम रिजालका अनुसार ट्राफिक नियम मिच्दा हुने गरेको जरिवाना बढी भएको भन्दै यातायात व्यवसायीले विरोध गरेका थिए । यातायात व्यवसायीसँग भएको वार्ता सहमतिमा पुगेपछि मजदुरले पुनः आन्दोलन गर्न थालेपछि स्थिति तनावग्रस्त बनेको हो ।


उनले भने, 'ट्राफिक नियम मिच्दा हुने गरेको जरिवाना बढी भएको भन्दै शुरुमा विरोध भएको थियो । पछि वार्ता भएर आन्दोलन फिर्ता भएको थियो । फेरि मजदुरले आन्दोलन गर्न थालेपछि स्थिति तनावग्रस्त बनेको हो ।'

मजदुरले माइक्रो पनि बस पार्कभित्र लान पाउनुपर्ने माग राख्दै आएका छन् । प्रहरीले भीडलाई नियन्त्रणमा लिने प्रयास गर्दा झडप भएको हो ।

स्थिति कस्तोसम्म बनेको थियो भने - साँझ परेपछि यातायात मजदुरको आन्दोलनकारी नभएको जनाउ दिन गोंगबु बसपार्क र माछापोखरी क्षेत्रमा सर्वसाधारणले हात उठाउँदै सडकमा हिड्नुपरेको थियो ।

सरकारले विगतमा गरेका सहमतिहरू पालना नगरेको भन्दै यातायात व्यवसायीहरु आन्दोलित बनेका हुन् । सोमबार सवारी चालकहरूले पाँच पटकसम्म चिट काटेपछि ६ महिनासम्म सवारी चलाउन नपाउने नियमविरुद्ध सडकमा प्रदर्शन गरेका थिए । उनीहरूले नयाँ बसपार्क क्षेत्रमा सडकमा नै सवारीसाधन तेर्स्याएर सडक अवरुद्ध गरेका थिए ।

## सरकारले वार्तामा बोलायो



पूर्वघोषित तथा अघोषित सबै मागहरुबारे हामी छलफल गर्न तयार छौं । वार्ताबाट नै समस्याको समाधान गर्न सकिनेमा सरकार विश्वस्त छ ।

***तुलसी नाथ गौतम***
***महानिर्देशक, यातायात व्यवस्था विभाग***

विभिन्न माग राख्दै आन्दोलनरत यातायात मजदुरलाई सरकारले वार्तामा बोलाएको छ । यातायात मजदुरका संघ, संगठनहरुले बालाजु बसपार्क क्षेत्रमा आन्दोलन गरेपछि यातायात व्यवस्था विभागले वार्तामा बोलाएको हो । विभागका महानिर्देशक तुलसी नाथ गौतमले सबै समस्याहरु वार्तामार्फत समाधान गर्न सकिने भन्दै आन्दोलनका कार्यक्रम स्थगित गरेर मंगलबार विहान ८ बजे भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा वार्ताका लागि आउन आन्दोलनरत पक्षलाई आह्वान गरिएको बताए ।

'सबै पक्षलाई संयमित हुन आग्रह गर्छौं, पूर्वघोषित तथा अघोषित सबै मागहरुबारे हामी छलफल गर्न तयार छौं,' उनले भने, 'वार्ताबाट नै समस्याको समाधान गर्न सकिनेमा सरकार विश्वस्त छ ।' आन्दोलनले समस्या समाधान नगर्ने

– बाँकी पृष्ठ २ मा

# झमेलामा १७ हजार जनप्रतिनिधि

स्थानीय तहको निर्वाचनमा उम्मेदवार भएका र समयमै चुनावी खर्च विवरण नबुझाएका एक लाख २३ हजार बढी व्यक्ति जरिवानाबाट पन्छिने उपाय खोज्दैछन् । यही खोजीमा छन् निर्वाचित १७ हजार बढी जनप्रतिनिधिहरु पनि । फागुन मसान्तसम्म पनि जरिवाना नबुझाए निर्वाचित हुनेहरुको पद जाने निर्वाचन आयोगका अधिकारीहरु बताउँछन् ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १ फागुन ।

पछिल्लो सयम स्थानीय तहका १७ हजार बढी जनप्रतिनिधिको ध्यान एउटै विषयमा छ । त्यो हो - जरिवाना बापतको रकम बुझाउने कि नबुझाउने ।

निर्वाचन आयोगका अनुसार स्थानीय तह निर्वाचनमा उम्मेदवार बनेर खर्च विवरण नबुझाउने उम्मेदवारहरू १ लाख २३ हजार ६२४ जना छन् । उनीहरु विरुद्ध कारबाही प्रक्रिया शुरु गरेको आयोगले कसले कति जरिवाना तिर्नुपर्ने भनी तय गरेर सार्वजनिक गरेको थियो ।

निर्वाचन आयोगले स्थानीय तहको चुनावमा खर्च विवरण नबुझाउने महानगरपालिकाका मेयर र उपमेयरका उम्मेदवारलाई साढे ७ लाख रुपैयाँ जरिवाना तोकेको छ ।

महानगरका वडा सदस्य तथा वडाध्यक्षका उम्मेदवारले ३ लाख रुपैयाँ जरिवाना तिर्नुपर्ने हुन्छ । उपमहानगरपालिकाका मेयर र उपमेयरका उम्मेदवारले साढे ५ लाख तथा वडाध्यक्ष र वडा सदस्य उम्मेदवारले साढे २ लाख जरिवाना तिर्नुपर्ने, नगरपालिकाका मेयर र उपमेयरका उम्मेदवारले साढे ४ लाख तथा वडाध्यक्ष र वडा सदस्य उम्मेदवारले २ लाख जरिवाना तिर्नुपर्ने गरी आयोगले जरिवाना रकम तोकेको छ । गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष उम्मेदवारले साढे ३ लाख तथा वडा सदस्य र वडाध्यक्षका उम्मेदवारले डेढ लाख रुपैयाँ जरिवाना तिर्नुपर्ने हुन्छ । निर्वाचन आयोगले आगामी फागुन मसान्तसम्म जरिवाना रकम बुझाउन भनेको छ ।



तोकेको जरिवाना नतिर्ने उम्मेदवार निर्वाचित भएको भए पद जान्छ । निर्वाचित वा पराजित जे भए पनि जरिवाना नतिर्ने उम्मेदवारले आगामी ६ वर्षसम्म कुनै पनि चुनावमा भाग लिन पाउँदैनन् ।

**शालिग्राम शर्मा पौडेल**
**प्रवक्ता, निर्वाचन आयोग**

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार आयोगले तोकेको जरिवाना नतिर्ने उम्मेदवार निर्वाचित भएको भए पनि पद जानेछ । निर्वाचित वा पराजित जे भए पनि जरिवाना नतिर्ने उम्मेदवारले आगामी ६ वर्षसम्म कुनै पनि चुनावमा भाग लिन पाउने छैनन् ।

उनी भन्छन्, 'तोकेको जरिवाना नतिर्ने उम्मेदवार निर्वाचित भएको भए पनि पद जान्छ । निर्वाचित वा पराजित जे भए पनि जरिवाना नतिर्ने उम्मेदवारले आगामी ६ वर्षसम्म कुनै पनि चुनावमा भाग लिन पाउँदैनन् ।' निर्वाचन आयोग ऐन २०७३ को दफा २६ को

– बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## कामदार उडाएपछिको दायित्वबारे जिम्मेवार हुन व्यवसायीहरुलाई राजदूत पौडेलको आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ फागुन

मलेसियाका लागि नेपाली राजदूत डिल्लीराज पौडेलले वैदेशिक रोजगारीका लागि कामदार उडाएपछिको दायित्वको बारेमा वैदेशिक रोजगार व्यवसायी जिम्मेवार हुनुपर्ने बताएका छन् । वैदेशिक रोजगार व्यवसायीहरूको एक प्रतिनिधिमण्डलले सोमबार मलेसियाका लागि नेपाली राजदूत पौडेलसमक्ष नेपाल वैदेशिक रोजगार व्यवसायी संघका तर्फबाट ४ बुँदे माग राख्दै मलेसियामा रहेका मागपत्र प्रमाणीकरणमा रहेको समस्याको समाधानका लागि ध्यानाकर्षण गराएपछि राजदूत पौडेलले उक्त भनाइ राखेका हुन् ।

राजदूत पौडेलले कामदारका समस्या सिर्जना भएपछि एक्लो प्रयासमा समाधान गर्न समस्या हुने तर व्यवसायी समस्याको समाधान गर्नुभन्दा बहानाबाजी गरेर उदासीन बन्ने गरेको गुनासो सुनाए ।

संघका पूर्वअध्यक्ष विमल ढकालको नेतृत्वमा गएको व्यवसायीहरूको प्रतिनिधिमण्डलले राजदूत पौडेललाई भेट गरी नेपाली दूतावासमा मागपत्र प्रमाणीकरणमा ढिलाइ भइरहेको लगायतका विषयमा ध्यानाकर्षण गराएको छ । प्रतिनिधिमण्डलले संघले पठाएको पत्र हस्तान्तरण गर्दै मागपत्र प्रमाणीकरणमा रहेको ढिलासुस्तीले समस्या उत्पन्न भएको भन्दै सेवा प्रवाहमा तादरूकता दिनुपर्ने माग गरेको छ ।

संघले पठाएको पत्रमा कामदारको मागपत्र प्रमाणीकरण गर्दा करारपत्र (इम्प्लोइमेन्ट कन्ट्रयाक्ट)मा न्यूनतम तलब सुविधा उल्लेख गर्ने प्रचलन रहेकोमा मलेसियास्थित नेपाली

– बाँकी पृष्ठ २ मा

## काठमाडौंमा भारतीय विदेश सचिव
## ७ महिनापछि नेपाल–भारत सचिवस्तरीय बैठक

काठमाडौंमा बसेको द्वीपक्षीय परराष्ट्र सचिवस्तरीय संयन्त्रको बैठकमा नेपालका परराष्ट्र सचिव भरतराज पौड्याल र भारतका विदेश सचिव विनयमोहन क्वात्राको नेतृत्वमा ७-७ जनाको टोली उपस्थित थियो ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १ फागुन ।

दुई दिने नेपाल भ्रमणमा रहेका भारतीय विदेश सचिव विनयमोहन क्वात्राले उच्चस्तरीय भेटवार्ता गरेका छन् ।

सोमवार विहान काठमाडौं आइपुगेका क्वात्राले सोमवार राष्ट्रपति विद्यादेवी भण्डारी र प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसहित उच्चस्तरीय शिष्टाचार भेटवार्ता गरेका छन् ।

राष्ट्रपति भण्डारीसँग शिष्टाचार भेटवार्ता गर्न उनी शीतल निवास पुगेका थिए । उक्त अवसरमा सचिव



क्वात्राले भारतकी राष्ट्रपति द्रौपदी मुर्मुको तर्फबाट शुभकामना सन्देश सुनाएको काठमाडौंस्थित भारतीय दूतावासले जनाएको छ ।

विदेश सचिव क्वात्रा र प्रधानमन्त्री प्रचण्डबीच सोमवार नै भेटवार्ता भएको छ । बालुवाटारमा भएको भेटमा नेपाल-भारत सहकार्यका विषयमा छलफल भएको छ । त्यसैगरि भेटमा ऊर्जा, व्यापार, कनेक्टिभिटी, कृषि, शिक्षा, संस्कृतिका क्षेत्रमा नेपाल-भारत सहकार्यका विषयमा छलफल भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

त्यसअघि विदेशसचिव क्वात्राले परराष्ट्रमन्त्री विमला राई पौड्याललाई भेटेका थिए । परराष्ट्र मन्त्रालयमा भएको भेटमा उनीहरुबीच

– बाँकी पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२ फागुन २०७९, मंगलबार
14 February 2023, Tuesday

## रास्वपाको नजर गृहमै

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ फागुन

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) तत्काल सरकारमा सहभागी नहुने भएको छ । बसुन्धरास्थित पार्टी कार्यालयमा सोमबार बसेको केन्द्रीय समिति र संसदीय दलको संयुक्त बैठकले तत्कालका लागि सरकारमा सहभागी नहुने निर्णय गरेको हो । पूर्वसहमतिअनुसार गृह मन्त्रालय पाएमा मात्र सरकारमा जाने निर्णय भएको पार्टीका सहमहामन्त्री कवीन्द्र बुर्लाकोटीले जानकारी दिए ।



त्यसैगरी सो पार्टीले केन्द्रीय समिति विस्तार गरी ४० सदस्यीय बनाएको छ । २४ सदस्यबाट १६ जना थप गर्दै ४० सदस्यीय बनाएको हो । बैठकले निशा मेहता, विन्दवासिनी कंसाकार, रूपा शङ्कर, विजय जैरु, मेघ आले, मोहनबहादुर थापा, खुस्बुसरकार श्रेष्ठ, टीका सङ्ग्रौला ज्वाला, हरि भट्ट, ध्रुव गिरी, लीमा अधिकारी, रमेश प्रसाईं, अर्जुन अधिकारी, क्रान्तिशिखा धिताल, प्रतिभा रावल र गोमा क्षेत्रीलाई केन्द्रीय सदस्य बनाउने निर्णय गरेको सहमहामन्त्री बुर्लाकोटीले जानकारी दिए । बैठकले आगामी वैशाख १० गते हुने चितवन-२ को उपनिर्वाचनमा जान तयार रहने निर्णय पनि गरेको छ ।

सर्वोच्च अदालतले माघ १३ गते पार्टी सभापति लामिछानेको नागरिकतासम्बन्धी मुद्दामा दोषी ठहर गरेपछि रास्वपाका सभापति रवि छामिछानेले राजीनामा दिएका थिए । गृह मन्त्रालय नपाएपछि रास्वपाले सरकारलाई दिएको समर्थन यथावत् राख्दै २२ माघमा सरकारबाट बाहिरिएको थियो ।

## सामुदायिक रेडियोलाई प्रोत्साहन गर्ने नीति आवश्यक

**सरिता पराजुली/मध्यान्ह**
जुम्ला, १ फागुन

सामुदायिक रेडियोलाई प्रोत्साहन गर्ने नीति बनाउन आवश्यक रहेको एक कार्यक्रमका सहभागीहरुले बताएका छन् । जुम्लाका ४ वटा सामुदायिक रेडियोहरुले आयोजना गरेको अन्तरक्रिया कार्यक्रमका सहभागीहरुले यस्तो बताएका हुन् । अरुका समस्या बाहिर ल्याएर समाधानका उपाय खोज्ने राष्ट्रको चौथो अंग पत्रकारहरुले आफ्ना समस्या छायाँमा राख्ने गरेको बताएका छन् ।

सबै सञ्चार माध्यमहरुको उत्तिकै महत्व रहेको छ । तर जुम्लाको सन्र्दभमा भौलोगिक विकटताको हिसाबले सबै ठाउँमा इन्टरनेट सेवा विस्तार नहुँदा आम नागरिकका लागि रेडियो नै सहज, सर्भसुलभ र लोकप्रिय बनेको उनीहरुले बताएका छन् । सत्य, तथ्य र खोजमुलक समाचार सूचना प्रसारण गनुपर्नेमा सरोकारवाला निकायले जोड दिएका छन् । 'रेडियो र शान्ति' नारासहित १२औं विश्व रेडियो दिवसको अवसरमा जुम्लामा आयोजित कार्यक्रममा सामुदायिक रेडियो संघ (अकोराव) कर्णाली प्रदेशका अध्यक्ष गोरकबहादुर थापाले सामुदायिक मुद्दालाई समेट्ने सञ्चार माध्यमकारुपमा समुदायिक रेडियोको प्रभावकारिता रहेको बताएका छन् ।

सामुदायिक रेडियो राजनीतिक र सामाजिकरुपले पछि परेको रेडियोकर्मीको गुनासो रहेको बताउँदै रेडियो विपद्को सुखदुःखको साथी रहेकाले राज्यको अभिभाकत्वको भूमिका खेल्न आवश्यक रहेको बताएका छन् ।

विश्वका सामुदायिक रेडियोहरुको अवस्था, नेपालका सामुदायिक रेडियोहरुको अवस्था कर्णाली र जुम्लाका सामुदायिक रेडियोहरुको वर्तमानको अवस्थासम्बन्धी जानकारी गराएका थिए । अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै जिल्ला समन्वय समिति जुम्लाका प्रमुख गौरीनन्द आचार्यले सामुदायिक रेडियोहरुले खेलेको भूमिका महत्वपूर्ण रहेको बताए । रेडियोहरुले राजनीतिक आग्रह र पूर्वाग्रहका भावना राख्न नहुने उनको भनाइ थियो । रेडियोहरु सूचनाको भरिलो माध्यम भएकाले नागरिकका हितमा हुने विषयहरु प्रशारणमा ध्यान दिन उनले सुझाव दिएका छन् ।




गुठीचौर गाउँपालिका जुम्लाका अध्यक्ष दानबहादुर बुढाले संचार माध्यमले निष्पक्ष भूमिका नखेल्दा स्थानीय तहको वास्तविकता बाहिर आउन नसकेको बताएका छन् । स्थानीय तहको सुशासन कायम गराउनका लागि सामुदायिक रेडियोहरुको महत्वपूर्ण भूमिका रहेकाले खरबदारी र सचेत गराउनुपर्नेमा उनले जोड दिएका छन् । प्रमुख जिल्ला अधिकारी मुकेस कुमार केसरीले रेडियोको विकास, प्रभाव र प्रगतिलाई सम्मान गर्दै विश्व रेडियो दिवसको अवसरमा शुभकामना दिएका छन् । जनताले दैनिक रुपमा भोगेको समस्या र चुनौतिलाई संचार माध्यमले उजागर गर्नुपर्ने बताए । केसरीकाअनुसार सम्भाव्यको खोजी गरेर सरोकारवाला निकायको ध्यान केन्द्रित गर्नुपर्ने बताए ।

रेडियोले नकारात्मक कुराहरुको बढाईचढाई नगरी सकरात्मक सन्देश प्रशारण गर्न सुझाव दिएका छन् । आधुनिक प्रविधिसँग स्थानीयको दैनिकीलाई जोड्न संचार माध्यमको भूमिका महत्वपूर्ण रहने उनले बताए ।

पातारासि गाउँपालिकाका अध्यक्ष पूर्णसिंह बोहोराले स्थानीय तहमा रहेका जडिबुटी र स्रोतको विषयमा रेडियोहरुले खोजमुलक कार्य गर्नुपर्ने बताए । रेडियोहरुले सूचना प्रवाहमा महत्वपूर्ण भूमिका खेलेको बताउदै स्थानीय तहको विकासमा खबरदारी गर्न उनले आग्रह गरेका छन् ।

तिला गाउँपालिका जुम्लाका उपाध्यक्ष गौरीकला बुढाले कुसंस्कार र कुरीति न्यूनीनकरणका लागि जनचेतनामुकल रेडियो कार्यक्रम उत्पादन तथा प्रशारणमा ध्यान दिन आग्रह गरेकी छिन् । इन्टरनेटको पहुँच नभएको ठाउँमा रेडियो परपर्दो माध्यम भएकाले नागरिकको सूचना पाउने अधिकारको भूमिका रेडियोले निर्वाह गरेको उनको भनाइ थियो । स्थानीय स्तरका किसानहरुले उत्पादन गरेका विषय, ज्ञानमूलक र खोजमुलक कुरालाई सामुदायिक रेडियोले खोजी गरेर कार्यक्रम तथा समाचारका रुपमा प्रशारण तथा प्रकाशन गर्नुपर्ने उनले बताइन् ।

जुम्लाका सामुदायिक रेडियोहरुले १२ औं विश्व रेडियो दिवस संयुक्त रुपमा मनाएका छन् । स्थानीय तहको दिगो विकास र सुशासनमा सामुदायिक रेडियोको भूमिका विषयमा अन्तरक्रिया कार्यक्रममा रेडियोहरुले संयुक्त रुपमा विश्व रेडियो दिवस मनाएका हुन् । जुम्लाका सामुदायिक रेडियोहरुले संयुक्त रुपमा दिवस मनाएको यो पहिलो पटक हो । रेडियो कर्णाली, रेडियो नारीआवाज, रेडियो खुला आकास र रेडियो माउन्टेन एफ.एफले दिवस संयुक्त रुपमा मनाएका हुन् ।

## सम्पत्ति शुद्धीकरण ऐन संशोधन नगर्न ध्यानाकर्षण

काठमाडौं/मस- ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालले नेपाल सरकारले २०७९ माघ २७ गते संसद सचिवालयमा 'सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक' दर्ता गराएको विषयमा ध्यानाकर्षण भएको जनाएको छ ।

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालले सोमबार एक विज्ञप्ति प्रकाशित गरी नेपाल भ्रष्टाचारविरुद्ध अन्तर्राष्ट्रिय महासन्धिको पक्षराष्ट्र भएको हुँदा अवैध तरिकाले आर्जित धनलाई कुनै पनि बहानामा वैध तुल्याउने बाटो खोल्नु उक्त महासन्धिको प्रतिकूल हुने देखिएको उल्लेख छ ।

'सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन २०६४' को मूल उद्देश्य नै अपराधजन्य कार्यबाट प्राप्त सम्पत्ति शुद्धीकरणको निवारण हो । तसर्थ, ऐनको मूल मर्म र उद्देश्य प्रतिकूल हुने गरी 'स्रोत नखुलेको सम्पत्तिमा कर तिरेमा सो सम्पत्तिलाई स्वतः वैधता प्रदान गरिने अर्थात् अवैध तरिकाले आर्जित धनलाई स्वतः वैध तुल्याइने बाटो' प्रस्तावित संशोधन विधेयकले नखोलोस् भन्नेतर्फ सजग रहन टीआई नेपाल नवनिर्वाचित सांसदहरु र समग्र संसदको ध्यानाकर्षण गर्दछ, अध्यक्ष पद्मिनी प्रधानाङ्गले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

अदालतले सम्पत्ति शुद्धीकरण मूल कसूरको सह उत्पादन भएको र मूल कसूर लुकाएर आर्जित सम्पत्ति वैध देखाउन गरिने कार्यलाई अपराधको कोटिमा राख्ने नजीर कायम गरिसकेकाले त्यसलाई बेवास्ता गर्नु कानूनी राज्यको अवधारणा प्रतिकूल हुन जाने जिकिर गरिएको छ । तसर्थ, अवैध तरिकाले आर्जित धनलाई कुनै पनि तरीकाले वैध तुल्याउने बाटो वा छिद्र प्रस्तावित संशोधन विधेयकले नखोलोस् भन्नेतर्फ सबै सरोकारवालाहरुको गम्भीर ध्यानाकर्षण गराइएको छ ।

## आर्थिक क्रान्ति पूरा गर्न जनयुद्ध असफल

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १ फागुन

नेकपा माओवादी केन्द्र हुम्लाले २८ औं जनयुद्ध दिवस मनाएको छ । सोमबार माओवादी केन्द्रको सिमकोट गाउँपालिका कमिटीले आयोजना गरेको जनयुद्ध दिवस कार्यक्रममा एमालेका कार्यवाहक अध्यक्ष प्रदीप लामाले माओवादी युद्धले कल्पना गरेको जनताका मुहारमा ल्याउने परिवर्तन अहिले पनि आउन नसकेको बताए । उनले माओवादी विद्रोहबाट देशमा व्यवस्था परिवर्तन भए पनि जनताको अवस्थामा भने परिवर्तन आउन नसकेको जिकिर गरे । जुन लक्ष्य र उद्देश्यसाथ देशमा माओवादी विद्रोह भएको थियो तर त्यसअनुसार जनताको अपेक्षा पूरा नभएको उनले बताए ।

माओवादी केन्द्रका केन्द्रीय सदस्य बिरजंग शाहीले शासन व्यवस्थामा परिवर्तन ल्याउन माओवादी युद्ध सफल भए पनि आर्थिक क्रान्ति पूरा गर्न अहिले पनि नसकिएको बताए । धेरै कुरा पूरा हुने आशामा माओवादी आन्दोलनमा जनताले साथ दिए पनि जनताका लागि उपलब्धिमूलक कार्य हुन नसकेको उनले स्वीकार गरे । जिल्लाका माओवादी नेतामा केन्द्रका नेता प्रचण्डको मुख मात्र हेर्ने प्रवृत्तिमा सच्चिन आवश्यक रहेको उनको भनाइ थियो ।

त्यस्तै, सहायक प्रमुख जिल्ला अधिकारी अमृत सुवेदीले माओवादी युद्धबाट देशले धेरै नीतिगत र संरचनागत उपलब्धि हासिल गरे पनि जनताको अवस्थामा भने सुधार आउन नसकेको बताए ।

प्रहरी नायब उपरीक्षक भीमलाल भट्टराईले शान्ति सुरक्षालाई चुस्त राख्ने पक्षमा दलबाट सहयोग प्राप्त हुनुपर्ने बताए । कार्यक्रममा पत्रकार महासंघका अध्यक्ष राजन रावतले युद्ध लडेर आएका माओवादी नेता-कार्यकर्तामा ठूलै आवश्यक रहेको बताए । युद्ध लड्दा सर्वहारा वर्गको कुरा गर्ने तर जाँदा आफ्ना गोजीका कार्यकर्तालाई पोस्ने नीति ठीक नभएको उनले बताए ।

## हतियार देखाएर लुटपाट गर्ने आठ जना पक्राउ

**वीरगञ्ज/मस-** पर्साको वीरगञ्ज महानगरपालिकाबाट अपहरणमा परेका एकजनालाई प्रहरीले उद्धार गरी अपहरणमा संलग्न रहेको आरोपमा आठजनालाई पक्राउ गरेको छ । वीरगञ्जका विशालकुमार पटवाललाई हतियार देखाएर अपहरण गरी लुटपाट गर्ने कार्यमा संलग्न रहेको आरोपमा प्रहरीले वीरगञ्ज महानगरपालिका-२ छपकैया निवासी सदाम अन्सारी, वडा नं ११ श्रीपुर निवासी सन्तोष लामा, मोजालिम मियाँ, रोशन थापा, वडा नं २४ निवासी विजय महतोलाई पक्राउ गरेको छ ।

यस्तै बाराको परवानीपुर गाउँपालिका-३ निवासी नबाब हुसेन, कलैया उपमहानगरपालिका-२३ निवासी मुकेश पटेल र भारत विहारको मोतिहारीका इमाम अन्सारीलाई पनि पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक कोमल शाहले जानकारी दिए ।

पटवाललाई हतियार देखाएर अपहरण भएको गोप्य सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरी टोलीले वीरगञ्ज महानगरपालिका-१५ भिस्वाबाट उद्धार गर्न सफल भएको र अपहरणमा संलग्नहरुलाई वीरगञ्ज महानगरपालिका-६ स्थित रेल्वे खण्डबाट पक्राउ गरिएको प्रहरी उपरीक्षक शाहले बताए ।

पक्राउ परेकाहरुको साथबाट अपहरणमा प्रयोग गरिएको एक थान पेस्तोल, पाँच राउन्ड गोली, रु चार लाख ९५ हजार नगदसहित ना १९ प २८०८, ना ६२ प १०० र बिआर १ सिआर २४२५ नंको तीनवटा मोटरसाइकलसमेत बरामद भएको प्रहरी उपरीक्षक शाहले बताए ।

पक्राउ परेकामध्ये विजय महतो अपहरण गिरोहका मुख्य योजनाकार रहेको प्रहरीको भनाइ छ । पक्राउ परेका सबैमाथि अपहरण तथा शरीर बन्धक, डाँका, हतियार तथा खरखजाना एवं सङ्गठित अपराधसम्बन्धी कसुरमा मुद्दा चलाइएको प्रहरीले जनाएको छ ।

### सरकारले...

बरु थप बल्झाउने सम्भावना हुने भन्दै उनले अत्यावश्यकीय सार्वजनिक यातायात सेवालाई कुनै अवरोध नगरी वार्ता गर्न र त्यसमार्फत समस्याहरुको समाधन खोज्न अपील गरेका छन् ।

'सार्वजनिक सवारीको सेवालाई मर्यादित र व्यवस्थित गर्न सरकार प्रतिवद्ध छ, यातायात मजदुरको हितका विषयमा पनि सरकार छलफल र संवाद गर्न तयार छ', उनले भने, 'मागका बारेमा पनि छलफल गर्न सकिन्छ, आन्दोलन छाडेर संवादमा आउन आग्रह गर्छौं ।'

### झमेलामा...

उपदफा ५ मा निर्वाचन स्वच्छता सम्बन्धी व्यवस्था छ । जहाँ 'निर्वाचन खर्च नबुझाएको र निर्वाचन आयोगले तोकेको समय सीमाभित्र जरिवानासमेत नबुझाउने व्यक्ति निर्वाचित भएको रहेछ भने निजको निर्वाचन स्वतः बदर हुने' उल्लेख छ ।

तर, स्थानीय तहको निर्वाचनमा उम्मेदवार भएका र समयमै चुनावी खर्च विवरण नबुझाएका एक लाख २३ हजार बढी जरिवानाबाट पन्छिने उपाय खोज्दैछन् । यही खोजीमा छन् निर्वाचित १७ हजार बढी जनप्रतिनिधिहरु पनि । फागुन मसान्तसम्म पनि जरिवाना रकम नबुझाए निर्वाचित हुनेहरुको पद जाने निर्वाचन आयोगका अधिकारीहरु बताउँछन् ।

### कामदार...

दूतावासमा भने मागपत्र प्रमाणित गर्दा अनुमानित ओभरटाइमसमेत उल्लेख गर्ने गरेकोले उक्त अनुमानित ओभरटाइम उल्लेख गर्ने प्रचलनलाई अनिवार्य भनी व्याख्या गर्दा श्रमिकहरूमा भ्रम सिर्जना भएको उल्लेख छ । पत्रमा सेक्युरिटी गार्डको हकमा बाहेक अन्य मागपत्रलाई खाडी मुलुकलगायत अन्य मुलुकहरूको प्रचलन अनुसार मलेसिया सरकारले तोकेको न्यूनतम तलब र सुविधा मात्रै उल्लेख गरी ओभरटाइमको हकमा कम्पनीको नियमअनुसार हुने व्यहोरा उल्लेख गरी प्रमाणीकरण गर्नुपर्ने माग गरिएको छ ।

त्यसैगरी महिला कामदारको आउटसोर्सिङ र सर्भिस सेक्टरको मागपत्र प्रमाणीकरण अवरुद्ध हुँदा डाइरेक्ट एप्रुभलबाट महिला कामदार लाने राम्रा कम्पनीको समेत मागपत्र प्रमाणीकरण रोकिन गएकाले डाइरेक्ट एप्रुभलबाट महिला कामदारका मागपत्र प्रमाणीकरणलाई सहजीकरण गरिदिनुपर्ने र रोजगारदाताहरूबाट पेश भएका मागपत्र लामो समयसम्म प्रमाणीकरण नहुँदा गुनासो बढेकाले एक हप्ताभित्र प्रमाणीकरण गरी उक्त जानकारी अनलाइनमार्फत् रोजगारदाता कम्पनीलाईसमेत दिनुपर्ने माग गरिएको छ ।

त्यसैगरी मलेसियाको फरेन वर्कर्स सेन्टर म्यानेजमेन्ट सिष्टम (एफडब्लुसीएमएस) अन्तर्गत रहेको बायोमेट्रिक मेडिकल सेन्टरहरूबाट स्वास्थ्य परीक्षण गरी फिट भई मलेसिया पुगेका श्रमिकको ठूलो संख्या मलेसियामा हुने स्वास्थ्य परीक्षण (फोमेमा) गर्दा अनफिट भई फर्किने गरेकाले मेडिकल गर्ने संस्थाहरूको गुणस्तर तथा प्रविधिसम्बन्धी सम्बन्धित कुटनैतिक निकायमा पहल गरिदिन पनि आग्रह गरिएको छ ।

राजदूत पौडेलले म्यानुफ्याक्चरिङ र सर्भिस सेक्टरमा महिला कामदारको मागपत्र प्रमाणित गर्न सकारात्मक रहेको आश्वासन दिएका छन् ।

पूर्वअध्यक्ष ढकालको नेतृत्वमा संघका पूर्व महासचिवद्वय नरेश गेलाल, सुजितकुमार श्रेष्ठ, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका पूर्वअध्यक्ष टंक राउत, पूर्वसचिव सुवर्ण श्रेष्ठ, व्यवसायीहरू माधव भण्डारी र हृदय नारायण दास सहभागी प्रतिनिधिमण्डलले राजदूत पौडेललाई भेटेको थियो ।

### काठमाडौंमा...

द्विपक्षीय सहयोगका विविध विषयमा छलफल भएको मन्त्रालय स्रोतले जनाएको छ ।

स्रोतका अनुसार भेटमा द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउँदै विकास सहायता अभिवृद्धि गर्नेलगायतका विषयमा छलफल हुनुका साथै भैरहवास्थित गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका लागि नयाँ अन्तर्राष्ट्रिय हवाइ रुटबारेसमेत छलफल भएको छ ।

मुख्यगरी नेपालमा विकास सहायता वृद्धि गर्ने, लगानीको वातावरण बनाउने, कनेक्टिभिटी, द्विपक्षीय व्यापारमा देखिने समस्या हल गर्ने, विद्युत् व्यापारलगायतका विषयमा पनि छलफल भएको छ ।

भेटमा मन्त्री पौड्यालले जलवायु परिवर्तनका मुद्दामा अन्तर्राष्ट्रिय मञ्चमा दक्षिण एसियाका मुलुकको एउटै आवाजका लागि संयन्त्र बनाउने सम्बन्धमा समेत कुरा राखेकी थिइन् ।

त्यसैगरि क्वात्राले सोमबार साँझ नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई पनि भेटेका छन् । उनले धुम्बाराही पुगेर देउवासँग राजनीतिक भेटवार्ता गरेका हुन् । क्वात्रासँगको भेटघाटपछि सभापति देउवाले भेटका क्रममा दुई देशका साझा चासो र जनस्तरमै रहेको सम्बन्धलाई अझै बलियो बनाउनेबारे कुरा भएको बताए ।

'भारतका विदेश सचिव विनय मोहन क्वात्रासँग भेट्दा खुशी लागेको छ । हामीले आपसी हितका विभिन्न मुद्दा र जनस्तरमै रहेको सम्बन्धलाई मजबूत बनाउनेबारे कुरा गर्यौं । हाम्रो साझा लक्ष्य दुवै देशका नागरिकको हित र नेपाल-भारत सम्बन्धलाई अझै गहिरो बनाउनु रहेको छ', देउवाले भेटपछि भने । क्वात्राले आज (मंगलबार) पनि राजनीतिक भेटलाई जारी राख्ने भएका छन् ।

सात महिनापछि सचिवस्तरीय संयन्त्रको बैठक

नेपाल-भारत परराष्ट्र सचिवस्तरीय संयन्त्रको बैठक बसेको छ । संयन्त्रको बैठक सात महिनापछि बसेको हो ।

सोमवार काठमाडौंमा बसेको द्वीपक्षीय परराष्ट्र सचिवस्तरीय संयन्त्रको बैठकमा नेपालका परराष्ट्र सचिव भरतराज पौड्याल र भारतका विदेश सचिव विनयमोहन क्वात्राको नेतृत्वमा ७-७ जनाको टोली उपस्थित थियो ।

परराष्ट्र मन्त्रालयका अनुसार बैठकमा दुवै पक्ष समग्र क्षेत्रको हितका लागि आर्थिक र विकास सहयोगलाई थप सुदृढ गर्न सहमत भएका छन् ।

भारतका विदेश सचिव क्वात्रा परराष्ट्र सचिव पौड्यालको निमन्त्रणामा नेपालको दुई दिने औपचारिक भ्रमणका लागि सोमबार आएका हुन्। विदेश सचिवको कार्यभार सम्हालेपछिको यो उनको पहिलो नेपाल भ्रमण हो ।

**Gadhi Rural Municipality**
**Office of Rural Municipal Executive**
**Aurabani, Sunsari**
**Province No. 1**

**Notice For Technical Bid Approval**

**( Date of Publication : 14th Feb, 2023)**

As per our Bid Invitation Notice for Construction of Construction of Black Top Road at Ward 1 & 4 (Asphalt Concrete) published in "National Daily" on 13th Nov 2022 (First Date of publication) . Submission of bids up to the deadline & for their subsequent technical bid evaluation, this is to notify all the bidders who submitted their technical bids that the following responsive Bidders have been further selected for opening in Financial proposal/bid. This notice has been published pursuant to Clause 27(2) and (3) of PPA 2063 for purpose of Clause 47 of same Act, any bidder who disagrees with the decision, can give application for review within seven days starting from the publication of this notice. The Financial Bid will be opened at 13:00 o'clock Office hours on 22nd Feb 2023 at same Office.

**A) CONTRACT NO : " GRM/WORKS/NCB/ROAD/01/2079/080 "**

| SN | NAME OF THE FIRM /COMPANY |
|---|---|
| 1. | Joshila Nirman Sewa Pvt. Ltd. , Biratnagar-13, Morang |
| 2. | Nikita and Raj Construction Pvt. Ltd, Koshi Rural Municipality, Sunsari |
| 3. | Shree Krishna Nirman Sewa, Ithari-9, Sunsari |

**Chief Administrative Officer**

# अस्पतालमा 'टाइम कार्ड' लागू हुँदै



**मध्यान्ह संवाददाता**
काठमाडौं, १ फागुन

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सबै सरकारी अस्पतालमा 'टाइम कार्ड' लागू गर्ने तयारी गरेको छ। मन्त्रालयले तयार पारेको सरकारको न्यूनतम साझा कार्यक्रमको एकीकृत कार्ययोजनामा अस्पतालमा सरकारी सेवाहरू तोकिएको समयमा उपलब्ध गराउन 'टाइम कार्ड' प्रणाली लागू गर्ने जनाएको छ।

मन्त्रालयले संघ र प्रदेशअन्तर्गतका अस्पतालहरूमा अनलाइन टिकेटिङ, रेफरललगायत स्वास्थ्य सेवासँग सम्बन्धित सबै कार्य डिजिटल प्रणालीमार्फत गर्ने गरी इलेक्ट्रोनिक मेडिकल रेकर्ड प्रणाली लागू गर्नेसमेत कार्ययोजनामा उल्लेख गरेको छ।

यस्तै कार्ययोजनामा संघअन्तर्गतका अस्पतालहरूबाट प्रदान गरिने सेवाको शुल्कमा एकरूपता कायम गर्ने भएको छ। संघअन्तर्गतका अस्पतालहरूबाट प्रदान गरिने सेवाको शुल्कमा एकरूपता कायम ग**काठमाडौं/मस-** र्ने स्वास्थ्य सेवा शुल्क निर्धारण समितिले अस्पतालहरूबाट प्रदान गरिने सेवा शुल्कको सूची तयार गर्नेछ। यसरी तयार गरिएकामा सेवा शुल्क सूची मन्त्रालयबाट स्वीकृत गरी कार्यान्वयन गरिने कार्ययोजनामा उल्लेख गरिएको छ। कार्ययोजनामा 'मेक इन नेपाल'को मर्मअनुरूप आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक ९८ प्रकारका औषधिहरू स्वदेशमा नै उत्पादन गर्न नेपाल औषधि लिमिटेडको क्षमता अभिवृद्धि गर्ने उल्लेख गरिएको छ।

यस्तै कार्ययोजनामा एक चिकित्सक एक स्वास्थ्यकर्मी कार्यक्रम अघि सारिने उल्लेख गरिएको छ। मन्त्रालयले तीन ठूला अस्पतालमा एक चिकित्सक/स्वास्थ्यकर्मी एक स्वास्थ्य संस्था कार्यक्रम लागू गर्ने योजना अगाडि बढाएको छ। कार्ययोजनामा वीर अस्पताल, परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल र कान्ति बाल अस्पतालमा उक्त कार्यक्रम लागू गरिनेछ। यी अस्पतालमा फागुनदेखि एक चिकित्सक एक स्वास्थ्यकर्मी एक स्वास्थ्य संस्था कार्यक्रम लागू गरिने कार्ययोजनामा उल्लेख गरिएको छ।

यस्तै कार्ययोजनामा मौजुदा अस्पताल विकास समिति गठन आदेशहरूलाई प्रतिस्थापन गर्ने गरी संघअन्तर्गतका सबै अस्पतालहरूलाई परिचालन गर्ने एकीकृत अस्पताल विकास समिति गठन आदेश तर्जुमा गर्ने भनिएको छ।

## एक सय ४६ बालबालिकामा मुटुरोग

**काठमाडौं/मस-** काठमाडौं बूढानीलकण्ठ नगरपालिकाका एक सय ४६ बालबालिकामा मुटुरोगको समस्या देखिएको पाइएको छ। शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रले बूढानीलकण्ठ नगरपालिकामा गरेको अध्ययनका क्रममा जन्मजात मुटु रोगको बिरामी धेरै भेटिएको पाइएको हो।

बूढानीलकण्ठ नगरपालिकाका सरकारी र निजी अस्पतालका १३ हजार विद्यार्थीमा गरिएको अध्ययनले एक सय ४६ विद्यार्थीमा जन्मजात मुटु रोगसम्बन्धी समस्या देखिएको हो। अस्पतालका निर्देशक डा.चन्द्रमणि अधिकारीले पाँचदेखि १५ वर्ष उमेर समूहका १३ हजार विद्यार्थीको मुटु परीक्षण गर्दा नौ जनामा मात्र बाथ मुटुरोग देखिएको थियो।

बाथ तथा मुटु ज्वरो छ, छैन भन्ने अध्ययन गर्ने स्क्रीनिङ परीक्षण शुरु गरिएको थियो। पुस महिनादेखि माघको अन्तिमसम्ममा गरिएको परीक्षणमा सरकारी विद्यालयका तीन हजार आठ सय २० र निजी विद्यालयका नौ हजार एक सय ८० जना विद्यार्थी सहभागी रहेका थिए। उनका अनुसार जन्मजात मुटुसम्बन्धी समस्या देखिएको हो। अध्ययनले आर्थिकरूपमा सबल स्थानमा बाथ मुटु रोग कम हुन सक्ने देखाएको उनको भनाइ छ।

केन्द्रले मुगु जिल्ला र धुनीबेसी नगरपालिकामा समेत मुटुरोगको अध्ययन गर्ने तयारी रहेको निर्देशक अधिकारीले जानकारी दिए। जन्मजात मुटु सचेतना सप्ताह चलिरहँदा अस्पतालले उक्त अध्ययन सार्वजनिक गरेको हो। जन्मजात मुटुरोग सचेतना फेब्रुअरी सात देखि १४ तारिखसम्म विभिन्न जनचेतनामूलक सप्ताहका रूपमा मनाइन्छ। बाल मुटुरोग विशेषज्ञ डा.उर्मिला शाक्यका अनुसार एक सय जनामा एक जनालाई जन्मजात मुटुसम्बन्धी रोग हुने गर्छ। ती मध्ये एक तिहाइलाई जटिल प्रकारको समस्या हुने र उपचार नपाए मृत्युको जोखिम हुने गर्छ।

मुटुरोग विशेषज्ञ डा. पुनम शर्माले भने,'१२ देखि २४ हप्ताको गर्भमा शिशुको मुटुसम्बन्धी समस्या परीक्षण गर्न सकिन्छ। त्यस्ता समस्या सामान्यदेखि जटिलसम्म हुनसक्छ। समयमा पहिचान हुनसके जटिल मुटुरोगको उपचार सम्भव छ।' डा. शर्माका अनुसार जन्मजात मुटुरोग हुने बालबालिकामा ओठ र जिब्रो नीलो हुने, तौल नबढ्ने, छिटो थाक्ने, आमाको दूध राम्ररी खान नसक्ने र निमोनिया भइरहने जस्ता लक्षण देखिन सक्छ। गर्भवती महिलाले मद्यपान, धुम्रपान सेवन गर्ने र विकिरणको सम्पर्कमा आउँदा शिशुमा मुटुसम्बन्धी समस्या देखिन सक्छ।

# नेपालले टर्कीलाई पठायो २२ टन राहत



**काठमाडौं/मस-** सरकारले टर्कीका भूकम्पपीडितका लागि औषधि, चिकित्सा उपकरण, न्यानो कपडा र अन्य आधारभूत सामग्री राहतस्वरुप पठाएको छ। भूकम्पपीडितका लागि २२ टनभन्दा बढी राहत सामग्रीको पहिलो ढुवानी सोमबार त्यसतर्फ पठाइएको हो।

यही ६ फेब्रुअरीमा टर्किएमा गएको विनाशकारी भूकम्पपछि राहत तथा पुनःस्थापना कार्यमा ऐक्यबद्धता जनाउँदै राहत सामग्री पठाउने सरकारले निर्णय गरेको थियो। यसअघि ८ फेब्रुअरीमा परराष्ट्रमन्त्री डा. बिमला राई पौड्यालले टर्कीका समकक्षी मेभलुत काभुसोग्लुसँग टेलिफोन वार्तामा भूकम्पबाट भएको क्षतिमा टर्कीका जनता र सरकारप्रति गहिरो समवेदना प्रकट गर्दै ऐक्यबद्धताका लागि सक्दो सहयोग गर्न नेपाल सरकार तयार रहेको बताएकी थिइन्।

परराष्ट्र मन्त्रालयले राहत सामग्री सहयोगका लागि सम्बन्धित सरकारी निकाय, निजी क्षेत्र र मानवीय संस्था तथा ढुवानीका लागि टर्किएस एयरलाइन्सलाई धन्यवाद दिएको छ।

# ल्याइयो बाइभ्यालेन्ट खोप



**काठमाडौं/मस-** फाइजरको नयाँ खोप 'बाइभ्यालेन्ट' नेपाल ल्याइएको छ। सोमबार तीन लाख ४५ हजार डोज खोप ल्याइएको हो। स्वास्थ्य सेवा विभाग आपूर्ति व्यवस्थापन शाखा प्रमुख सुरेन्द्र चौरासीयाका अनुसार सोमबार उक्त खोप ल्याइएको हो।

गाभीमार्फत प्राप्त उक्त खोपलाई टेकुस्थित विभागमा भण्डारणमा राखिने भएको छ। नेपालमा पहिलोपटक भित्रिएको बाइभ्यालेन्ट खोप बुस्टर डोजका रुपमा प्रयोग गरिन्छ। ओमिक्रोनको सबभेरिएन्टविरुद्ध यो खोप प्रभावकारी मानिएको छ। कोभ्याक्स सुविधाअन्तर्गत बाइभ्यालेन्ट खोपको जम्मा १५ लाख मात्रा चार चरणमा उपलब्ध गराइने र सोहीअनुसार तीन लाख ४५ हजार मात्रा खोप भित्र्याइएको छ।

# कतारको फलिपिनी मार्केटमा नेपाली कपडाको पसल



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १ फागुन

वैदेशिक रोजगारको आकर्षक गन्तव्य मानिएको कतारमा नेपालीहरूले रोजगारका अलवा व्यवसायलाई पनि तीव्रता दिँदै आएका छन्। कतारमा आफ्नो व्यवसाय गर्ने नेपालीहरूमा पछिल्लो पटक थपिएको नाम हो 'सुइधागा टेलरिङ्ग एन्ड टेक्स्टाइल्स'। स्याङ्जाका विजय गौतमले दोहाको मुटु मानिने फलिपिनी शुकमा सञ्चालनमा ल्याएको उक्त टेलरिङ्ग पसलको औपचारिक रूपमा उद्घाटन गरिएको छ।

नेपाल व्यवसायी संघ कतारका महासचिव रमेश भट्टले रिबन तथा केक काटेर पसलको औपचारिक उद्घाटन गरेका हुन्। भट्टले गौतमलाई नेपालीहरूको मन जितेर नेपालीपन झल्कने गरी सिलाइ बुनाइ गर्न सुझाव दिए। नेपालीहरूलाई लक्षित गरी सञ्चालनमा ल्याइएको पसलमा कोट पाइन्ट, दौरा सुरुवाल, ढाका टोपी, ढाकाको दौरा, भादगाउँले कालो टोपी, खादा, ब्याज, कम्पनीहरूको युनिफर्म र विभिन्न जातीय पोशाकहरू ग्राहकहरूकै डिजाइन अनुसार सिलाउन सकिने गरी उपलब्ध रहेका छन्। नेपाली श्रमिकका रूपमा सन् २०१२ मा कतार आएका गौतमले आफ्नो पसलमा फेब्रुअरी १८ शनिबारसम्म आउने ग्राहकलाई सबै कपडाको सिलाइमा ३० प्रतिशत र त्यस पछि आउने ग्राहकहरूलाई १० प्रतिशत छुट दिने मध्यान्हलाई जानकारी दिए। उद्घाटन कार्यक्रममा सामाजिक व्यक्तित्व सामुयल सुनुवार, नानु घले, दिपजङ्ग शाह शिवराम ढकालगायत केही अन्य देशका नागरिकहरूको उपस्थिति रहेको थियो। औपचारिक रूपमा उद्घाटन हुनु पूर्व नै कतारका नेपाली माझ टेलरिङ्ग पसलले चर्चा पाइसकेको छ।

# सापकोटा दम्पतीको एक महिनापछि अन्त्येष्टि

**कास्की/मस-** गएको माघ १ गते भएको यती एयरलाइन्सको विमान दुर्घटनामा निधन भएका पोखरा-२५ हेमजाका एक दम्पतीको एक महिनापछि अन्त्येष्टि गरिएको छ। दुर्घटनामा ज्यान गुमाएका हेमजा हनुमानचोक निवासी राजन सापकोटा र उनका श्रीमती आनिषा बानियाँ सापकोटाको हेमजा सेती नदी मराङघाटमा अन्तिम संस्कार गरिएको हो। अनिषाको शव पहिचान गर्न समस्या भएपछि अन्तिम संस्कार गर्न ढिलाइ भएको हो। राजनको शव माघ ८ गते काठमाडौंमा शवपरीक्षणबाट पहिचान भए पनि अनिषाको पहिचान गर्न डिएनए गरिएको थियो। डिएनएको रिपोर्ट आइतबार प्राप्त भएपछि काठमाडौंबाट राति शव ल्याएर बिहान शवयात्रासहित अन्तिम संस्कार गरिएको मृतकका काका प्रकाशचन्द्र सापकोटाले बताए।

डिभी परेर अमेरिका बस्दै आएका राजन गत वर्ष विवाह गरेर फर्किएका थिए। विवाहको पहिलो वार्षिकोत्सव मनाउन उनी पुस ३० गते नेपाल आएका थिए। उनलाई लिन श्रीमती अनिषा काठमाडौं गएका थिए। पोखरा फर्किने क्रममा उनीहरू चढेको विमान अवतरणका क्रममा विमानस्थल नजिक सेतीखोँचमा दुर्घटनामा परेको हो। यती एयरलाइन्सको सो विमान दुर्घटनामा परी ७२ जनाले ज्यान गुमाएका थिए। यसैगरी, एक महिनाअघि पोखराको सेती खोँचमा भएको यति एयरलाइन्सको जहाज दुर्घटनामा परी दिवङ्गत पोखरा-२१, दोविल्ला निवासी २४ वर्षीया सविना रायमाझीको अन्त्येष्टि गरिएको छ।

# मर्स्याङ्दी गाउँपालिकाले परीक्षा सञ्चालन गर्ने

**जनक श्रेष्ठ/मध्यान्ह**
लमजुङ, १ फागुन



लमजुङको मर्स्याङ्दी गाउँपालिकाले नर्सरीदेखि कक्षा १० सम्मका परीक्षा आफैँले सञ्चालन गर्ने भएको छ। गाउँपालिकाले परीक्षालाई एकरुपता, मर्यादित, विश्वसनीय र वस्तुनिष्ठ बनाउने उद्देश्यले आगामी चैतदेखिका परीक्षा सञ्चालन गर्ने भएको हो।

केही दिनअघि सम्पन्न गाउँसभाबाट स्थानीय शिक्षा ऐनमा संशोधन गरी उक्त परीक्षा सञ्चालन गर्ने तयारी गरेको गाउँपालिका अध्यक्ष अर्जुन गुरुङले बताए। उनले भने, 'यसका लागि आफ्नै अध्यक्षतामा पालिकास्तरीय परीक्षा समिति गठन गरी माघ २९ गते बसेको बैठकले विभिन्न निर्णय गर्दै कामलाई अगाडि बढाएको छ।' बैठकले परीक्षा समितिमार्फत गाउँपालिकाबाट नै परीक्षा सञ्चालन गर्ने निर्णय गरेको छ। त्यस्तै प्रमुख प्रशासकीय अधिकृत, स्थानीय प्रहरी प्रमुख सदस्य रहने उक्त समितिमा शिक्षा शाखाका प्रमुख सदस्य सचिव र पाँच जना विषयगत उपसमितिका संयोजक सदस्य रहने गरी नौ सदस्यीय परीक्षा समिति रहने व्यवस्था गरिएको छ।

साथै विषयगत समितिका संयोजकमा तीर्थबहादुर बस्नेत सामाजिक, मुक्तिनाथ न्यौपाने अंग्रेजी, ईश्वरबाबु पाण्डे नेपाली, महेन्द्र न्यौपाने विज्ञान, थमन गुरुङ गणित विषयका लागि चयन भएका छन्। गाउँपालिका अध्यक्ष गुरुङका अनुसार प्रश्नपत्र निर्माणदेखि विषयगत सुधारका निम्ति विषयगत समितिले अन्य विज्ञ शिक्षकको सहयोग लिएर काम गर्ने गरी जिम्मेवारी दिइएको छ।

# तनावग्रस्त वीरेन्द्रनगर



**मध्यान्ह संवाददाता**
सुर्खेत, १ फागुन

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर सोमबार दिनभर तनावग्रस्त बनेको छ। बाटो कट्ने क्रममा जेब्रा क्रसिङमै बसले ठक्कर दिएपछि आइतबार एक वृद्धाको मृत्यु भएको थियो।

ठक्करबाट जाजरकोट छेडागाड नगरपालिका-६ की नदी रावतको मृत्यु भएको हो। मृतकका आफन्तले सोमबार दिनभर प्रदर्शन गरेका हुन्। अन्दाजी ६६ वर्षीया नदीलाई आइतबार दिउँसो वीरेन्द्रनगरको सिटी बसपार्कमा कर्णाली प्रदेश पंचकोशी प्रा.लि.को बा.४ ख. ८०६१ नम्बरको बसले ठक्कर दिएको थियो। नदीलाई बसले ठक्कर दिएपछि घाइते भएकी थिइन्। उनको प्रदेश अस्पताल कालागाउँमा उपचारका क्रममा मृत्यु भएको हो।

दुर्घटनापछि फरार बस चालकलाई समेत प्रहरीले नियन्त्रणमा लिएको छ। चालक दैलेख भैरवी गाउँपालिका वडा नं. ५ घर भई हाल वीरेन्द्रनगर नगरपालिका वडा नं. ३ बस्ने ३३ वर्षीय खगेन्द्र प्रसाद रिजाल रहेका छन्।

मृतकका आफन्तले नदीका 'थाह नै नदिएर शव किन उठाइयो ?' भन्दै क्षतिपूर्तिको माग गरेका छन्। आन्दोलनका क्रममा स्थानीय पत्रकार समेत घाइते भएका छन्। आन्दोलन उग्र बन्दै गएपछि १ सय ३० जना प्रहरी तैनाथ भएका थिए भने सशस्त्र प्रहरी समेत परिचालन गरिएको थियो। मंगलगढी चोकमा दोहोरो भिडन्त भएपछि आन्दोलनकारीले ढुङ्गा प्रहार गरेका थिए। आन्दोलन थप उग्र बनेपछि प्रहरीले चार राउण्ड अश्रु ग्यास प्रहार गरेको थियो।

प्रहरीका अनुसार मृतकका छोरा भारतमा छन्। उनका श्रीमानको मृत्यु भइसकेको छ। जिल्ला प्रहरी कार्यालय सुर्खेतका अनुसार मृतक नदीका छोरा आएपछि मात्रै छलफल हुने जनाइएको छ।

**डोल्पोबुद्ध गाउँपालिका**
དོལ་པོ་བུདྡ་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།
**गाउँ कार्यपालिकाको कार्यालय**
**धो, डोल्पा, कर्णाली प्रदेश, नेपाल**

**कृषि विकास अधिकृत (कृषि स्नातक) सेवा करार सम्बन्धी सूचना**

**(प्रथम पटक सूचना प्रकाशित मिति २०७९/११/०२)**

डोल्पोबुद्ध गाउँपालिकामा स्थानीय तहको लागि कृषि विकास अधिकृत पदमा देहायको संख्या र योग्यता भएको कर्मचारी सेवा करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र तोकिएको शुल्क तिरेको रसिद वा बैंक भौचर सहित दरखास्त दिनहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

| विज्ञापन नं | सेवा करारमा लिने पद र तह | न्यूनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|
| २०७९/८०-०७ | कृषि विकास अधिकृत (छैटौं तह) | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञान विषयमा न्यूनतम स्नातक तह उतीर्ण गरेको। | १ जना |

**अन्य जानकारी :**
१) आवेदनमा संलग्न गर्नु पर्ने : उम्मेदवारको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, कार्य अनुभव भए सो को प्रमाणीत प्रतिलिपि,नेपाली नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि संलग्न हुनु पर्नेछ। पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयमले हस्ताक्षर गरी प्रमाणित गरेको हुनु पर्नेछ।
२) दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको,
३) दरखास्त दिने स्थानः- डोल्पोबुद्ध गाउँपालिकाको कार्यालय, धो, डोल्पा।
४) दरखास्त दिने अन्तिम मिति :- २०७९/११/१६
४) आवेदनको दस्तुरः- रु १०००/-
५) छनौटको किसिमः- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र मौखिक परिक्षा
६) सेवा सुविधा तथा अन्यः- स्थानीय सेवाको छैटौं तह वा सो सरहको सेवा सुविधा (कार्य विवरण, पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य विस्तृत जानकारीका लागि कृषि तथा पशु पन्छी विकास मन्त्रालयको वेवसाइट र डोल्पोबुद्ध गाउँपालिकाको वेवसाइट तथा सुचना पाटीमा हेर्न सकिनेछ।)
**नोटः** आवेदन दस्तुर डोल्पोबुद्ध गाउँपालिका कार्यालयवाट नगदी रसीद तथा राष्ट्रिय बाणिज्य बैंङ्क, डोल्पोबुद्ध शाखामा रहेको डोल्पोबुद्ध गाउँपालिकाको आन्तरिक राजस्व खाता नं. ४५४०१००३०१०१०००२ मा जम्मा गर्न सकिनेछ।

**संयोजक**
**पदपूर्ति समिति**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२ फागुन २०७९, मंगलबार
14 February 2023, Tuesday

## सम्पादकीय

# गर्नैपर्ने पूर्व तयारी

राजधानी उपत्यकासहित देशभर चिसोको मात्रा घट्दै गएको छ । अत्याधिक चिसोबाट पीडितहरूले न्यानोको अनुभूति गर्न थालेका छन् । अत्याधिक चिसोका कारण उच्च पहाडी, हिमाली र तराई क्षेत्रको जनजीवन नराम्रोसँग प्रभावित हुने गरेको छ । तर दिन तातिदै गएपछि चिसो घटेर गएको छ । अब बिस्तारै दिन तात्नेछ भने सुख्खा याम शुरू हुनेछ । बिस्तारै सुख्खा मौसमको असर देखिन थालेको छ । जसरी अत्याधिक चिसो र अत्याधिक वर्षाले मानव जीवनमा क्षति पुऱ्याउँछ, त्यसैगरी सुख्खायामको मौसमबाट पनि प्रतिकूल अवस्था सिर्जना हुने गर्छ । सुख्खायामको असर पानीको मुहान् सुक्नु प्रमुख हो । तर त्यो भन्दा पनि ठूलो जोखिम आगलागी हुनु हो ।

सुख्खायाम आगलागीको जोखिम हुने समय हो । आगलागीबाट वर्षेनि ठूलो जनधनको क्षति हुने गरेको प्रहरीको तथ्याङ्कले देखाउँछ । गत आर्थिक वर्ष मात्रै आगलागीका १३ सय बढी घटना भएका थिए । यी घटनामा परी ६२ जनाको मृत्यु र २३२ जना घाइते भएका थिए । एक हजार पाँच सय बढी घरपरिवार प्रभावित हुँदा झण्डै चार सय घरमा आंशिक क्षति पुगेको थियो । पाँच सयकै हाराहारीमा पशु चौपाया मरेका थिए । प्रहरीकै प्रतिवेदन अनुसार, एक अर्ब ८० करोड बराबरको क्षति भएको थियो । क्षतिको विवरणमा केही तलमाथि भएपनि आगलागीबाट मुलुकले ठूलो नोक्सानी खेप्नु पर्ने गरेको छ । आगलागीका अधिकांश घटना सुख्खायाममै हुने गर्छ । आगलागीबाट जंगल र पशुपंक्षी नष्ट हुनु अर्को समस्या हो ।

आगलागी विभिन्न कारणले हुने गर्छ । कतिपय मानवीय त्रुटिका कारणले हुने गर्छ भने कयौं आगलागी प्राकृतिक कारणले हुने गर्छ । धेरैजसो आगलागी प्राविधिक कारणले हुने गर्छ । बढ्दो विद्युतीकरणले आगलागीका घटना अझ बढाएको छ । सार्वभौम निष्कर्ष हो, प्रकोप अन्त्य नभएर न्यूनिकरण हो । अन्त्य होइन, जोखिमबाट बच्ने हो । तसर्थ आगलागीबाट हुने क्षति रोक्न आवश्यक तयारी महत्वपूर्ण छ । शहरी क्षेत्रमा दमकललाई दुरूस्त राख्न जरूरी छ । आगलागीका सम्भावित घटना रोक्ने आगोजन्य सामग्री प्रयोगबारे आवश्यक जानकारी बढाउन आवश्यक छ । कथंकदाचित यस्ता घटना भइहाले नागरिकको जीवनरक्षाका लागि आवश्यक उपचारको प्रबन्ध मिलाउन आवश्यक छ । बेलैमा आवश्यक तयारी नगर्नु भनेको प्रकोपलाई निम्तो दिनु समेत हो भन्ने तथ्यप्रति सरोकारवाला निकाय प्रष्ट हुन अझ आवश्यक छ ।

# ‘भ्यालेन्टाइन डे’ र यसको सान्दर्भिकता

*मन पराएको मान्छेलाई प्रेम प्रस्ताव राख्नु, एकले अर्कालाई प्रेम गर्नु कदापी नराम्रो होइन । प्रेम मन र भावनासँग जोडिएको विषय हो ।*

अग्रलेख



● प्रवेश बिष्ट



आज फेब्रुअरी १४ अर्थात ‘भ्यालेन्टाइन डे’ । नेपालीमा भन्दा प्रणय दिवस अथवा प्रेम दिवस । यो पर्व पादरी सेन्ट भ्यालेन्टाइनको वलिदानसँग सम्बन्धित छ । यो दिवस विशेष गरी युवायुवतीहरुले प्रेम साटासाट गरेर मनाउने गर्छन् ।

नेपालमा पनि ‘भ्यालेन्टाइन डे’ पछिल्ला केही वर्षदेखि महत्वपूर्ण हुन थालेको छ । यो दिनमा आफूलाई मन परेको मान्छेलाई प्रेम प्रस्ताव राख्ने र विभिन्न उपहार पनि साटासाट गर्ने चलन छ । मलाई लाग्दैन प्रेम गर्नलाई त्यस्तो कुनै दिवसको आवश्यक पर्छ । न कुनै मिति नै तोक्नुपर्छ । प्रेम स्वतः हुने कुरा हो ।

अहिलेको समय परिवर्तित र आधुनिक छ । धेरैको जोडी सामाजिक सञ्जालले जुराइदिएको छ । सामाजिक सञ्जालमा समय व्यतित गर्नेहरू यसै मार्फत आफ्ना प्रेमी/प्रेमिकाहरुसँग रमाइरहेका छन् ।

प्रेम दिवसको इतिहास हेर्दा यसलाई एउटा संस्कृति पनि मान्न सकिन्छ । हामीले यसको सकारात्मक सदुपयोग गर्न जान्नुपर्छ । प्रेम दिवसका दिन विशेषगरी युवायुवतीहरुमा एकप्रकारको छुट्टै रौनक र उत्साह छाउने गरेको पाइन्छ । तर, प्रेमका नाममा हुने विभिन्न अनैतिक क्रियाकलापहरुले गर्दा नेपाली समाजले यसलाई अझै स्पष्ट स्वीकार गरिसकेको छैन । आधुनिक युवापुस्ताले नै यसलाई विकृतिका रुपमा फैलाइरहेका छन् । यसलाई युवा पिंढीले नै सपार्नु पर्छ ।

प्रेम गर्नु नराम्रो होइन । मैले नराम्रो भन्न खोजेको पनि होइन । तर आफ्नो प्रेम भाव देखाउन तीन सय ६५ दिनमा ‘भ्यालेन्टाइन डे’ नै पर्खनु पर्दैन । फेब्रुअरी १४ त वर्षको एक दिन हो । हामीले वर्षभरी नै कसरी प्रेममय बनाउने भन्ने सोच्न जरुरी छ ।

विदेशी संस्कृतिबाट भित्रिएका यस्ता दिवसहरुले समाजमा विकृति फैलाइरहेका पनि छन् । भ्यालेन्टाइन डे मनाउन कतिले आफ्नो साँचो माया गुमाउनु पनि परेको छ । कतिले आफ्ना सपनाहरू धमिल बनाएका छन् । जबरजस्ती प्रेम गर्नेहरूको होडले पनि समाजमा विकृति, विसङ्गती फैलाइरहेको छ । साँचो र सच्चा प्रेम गर्नेहरूका लागि सधैं प्रेम दिवस नै हो । आजकाल मानिसहरु देखावटीपनमा अल्झिएका छन् । कसैलाई देखाउनकै लागि पनि ‘ ब्वाइफ्रेन्ड’ र ‘गर्लफ्रेन्ड’ बनाउने होडबाजी नै चलेको छ ।

मन पराएको मान्छेलाई प्रेम प्रस्ताव राख्नु, एकले अर्कालाई प्रेम गर्नु कदापी नराम्रो होइन । प्रेम मन र भावनासँग जोडिएको विषय हो । प्रेम गर्ने नाममा, प्रेम दिवस मनाउने नाममा विभिन्न अनैतिक कार्य गर्नु चाहिँ नराम्रो कुरा हो । प्रेम गर्न सबैभन्दा पहिला मन मिल्नुपर्छ । एकअर्कामा प्रेम हुनु जरुरी छ ।

प्रेम भनेको निस्वार्थ हुनुपर्छ । माया भावनात्मक हुनुपर्छ । स्वार्थ भावका साथ आएको प्रेम प्रस्ताव कसैलाई मान्य हुने छैन । उपहार दिएर गाँसिएको प्रेमभन्दा चोखो मनले निस्वार्थ गरेको माया दिगो हुन्छ । निस्वार्थ मायामा मिठास हुन्छ । प्रेम भनेको बाच्ने आधार पनि हो । भनिन्छ नि प्रेम जीवन हो । प्रेमले खुलेर बाच्न र खुसी हुन सिकाउँछ । मानिसको सम्बन्ध जोगाउने पनि प्रेम हो ।

प्रेम देखाउन खोजेर देखिने कुरा होइन । यसलाई केवल अनुभूति गर्नमात्र सकिन्छ । प्रेम गर्नु आफैमा राम्रो पक्ष हो । प्रेम दिवस एउटा संस्कृति पनि हो । यसलाई विकृतिका रुपमा नफैलाऔं । सभ्य भएर यस्ता दिवसहरु मनाऔं । ह्याप्पी भ्यालेन्टाइन डे !

## सामाजिक सञ्जाल



**- रञ्जित तामाङ**

माओवादीले पृथ्वी जयन्ती मनायो । राप्रपाले जनयुद्ध दिवस मनायो । एमालेले रवि लामिछाने र एकनाथ ढकाललाई झोलीको देउता बनायो । जनता यीनै दलहरूको कुरा पत्याएर सधैँ उल्लू बनिराख्छन् । यस्तो काइते राजनीति संसारमा कहीँ दखेको थिइँन, देख्न पनि नपरोस् ।



**- नवराज पन्त**

सीमा खुल्ला राख्ने, भिसा नभएका अनागरिकको हुलमुल गराउने, सडकमा डाक्टर कुट्ने, नेता चुप बस्ने, अर्थतन्त्र डामाडोल गराउने आदि अहम्पनलाई हेर्दा हाम्रो देश अराजकता उन्मूख छ भन्ने बुझिन्छ । अब समग्र स्थिति नियन्त्रण गर्न कडा शासन (प्रत्यक्ष राष्ट्रपतीय प्रणाली र गभर्नर सिस्टम) आवश्यक हुनसक्छ ।



**- विष्णु सापकोटा**

कता प्रचण्डले आफूलाई घुमाइदिने र राष्ट्रपति एमालेलाई नदिने हुन् भनेर दिन बिराई-बिराई बालुवाटार धाउनुपर्ने हैसियतमा पुगेका ओलीको यस्तो बेला के आलोचना गर्नु ? तर, पनि कल्पना गरिरहेको छु– अहिले प्रचण्डको आलोचना जति गरिएको छ, ओलीले भए आफ्ना अरिंगाल कति परिचालन गरिसक्थे होला अहिलेसम्म ?



**- मातृका पौडेल**

२०६४ मा १२० सीट जितेको माओवादीभन्दा अहिले १८ सीट जितेको माओवादी केन्द्र धेरै बलियो देखियो । त्यो बेला प्रचण्ड प्रधानमन्त्री बन्दा जनयुद्ध शब्द माइन्युट गर्न सकेनन् । अहिले जनयुद्ध दिवसमा सार्वजनिक विदा दिने हैसियत बनाए । फागुन २५ सम्म कांग्रेस एमाले चुइक्क बोल्न सक्दैन ।



**- उद्धवराज भेट्वाल**

इतिहास अपरिवर्तनीय हुन्छ । यसलाई जस्ताको तस्तै ग्रहण गर्ने हो । तर, अपरिवर्तनीय इतिहासलाई कोट्याएर, घृणा पैदा गरेर परिवर्तनीय वर्तमान र भविष्यलाई प्रतिशोध, कुण्ठा, बदला र हिंसामा लैजान खोज्नेहरूलाई 'प्रगतिशील' भनिन्छ नेपालमा । हुनुपर्ने चाहिँ दुर्गतिशील थियो ।

# जनयुद्ध दिवस किन मनाइनुपर्छ ?

विचार



● ईश्वरचन्द्र ज्ञवाली

*“जनयुद्ध समग्र युद्ध थियो । त्यो ऐतिहासिक अभियानले आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक तथा देशप्रेम एवम् राष्ट्रियताप्रति समर्पित परिवर्तनको सपनालाई आत्मसात् गरेको थियो । वर्ग, जाति, लिङ्ग, क्षेत्रमा विद्यमान असमानता, शोषण, उत्पीडन, विभेद र अन्यायका हरेक सामन्ती साङ्गलाहरू तोडेर मुक्ति, परिवर्तन, स्वतन्त्रताको भावधारा प्रवाहित गरेको थियो ।*

फागुन १ मा जनयुद्ध दिवस मनाउँदै गर्दा केही विरोधहरु भए । कतिपयले यसका केही अँध्यारो पाटालाई देखाएर दुत्कार्ने काम पनि गरे । तर, नेपाली इतिहासमा दश वर्षे ‘वर्ग द्वन्द्व’ जनयुद्ध एउटा उल्लेखनीय परिवर्तनको मोड भएको कुरालाई नकार्न मिल्दैन । यसलाई एउटा युगान्तकारी परिघटनाका रूपमा हेर्नैपर्छ ।

शोषणबाट मुक्ति, विभेद र अन्यायबाट मुक्ति, उत्पीडन र तिरष्कारबाट मुक्ति, गरिबी र अभावबाट मुक्ति, विकास र प्रगति विरोधी विसङ्गति र दूर्गतिबाट मुक्ति, दीनता र दासताबाट मुक्ति, औपनिवेशिक हस्तक्षेपबाट मुक्तिको सौन्दर्य नै जनयुद्धको सौन्दर्य पनि थियो । यही सौन्दर्यका लागि हजारौं सहिदहरूले क्रान्ति यज्ञमा आफ्नो जीवन नै आहूति गरिदिए । त्यो उत्सर्ग अप्रतिम र अपूर्व पनि थियो । ती महान् सहिदहरू परिवर्तनका बिम्ब पनि हुन् । नेपाली वर्गीय चेतनाको त्यो उच्च उदात्त भावधाराले अकिञ्चन वर्गलाई धेरै ब्यूँझाएको छ । जनयुद्ध राजनैतिक चेतना र क्रान्तिकारी भाव विस्तारको उज्यालो आयाम पनि हो । यसले महिला, दलित, जनजाति, मधेसी, मुस्लिम, थारु सबै उत्पीडित समुदायलाई आ-आफ्नो पहिचान, मुक्ति, अधिकार प्राप्ति, सम्मान र स्वाभिमानको स्थापनाका निम्ति संकल्पित हुन दिशाबोध गराएको छ ।

